प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तहको शैक्षिक शत्र २०७८/०७९ नियमित तर्फको र विशेष छात्रबृत्ति कार्यक्रम तर्फ शैक्षिक शत्र २०७८/०७९ को रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०९।१८)

यस परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय र निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहका **सम्पुर्ण** कार्यक्रमहरुमा शैक्षिक सत्र २०७८/७९ का लागि भर्ना अनुमती पाएका नियमित तर्फका अध्यनरत विद्यार्थीहरुको र विशेष प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रमहरुका(सिभिल इन्जिनियरिङ्ग, हाइड्रोपावर इन्जिनियरिङ्ग, इन्फरमेशन टेक्नोलोजी, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, बाली बिज्ञान) शैक्षिक सत्र २०७८/७९ का रजिष्ट्रेशन फाराम २०७८ साल माघ ०९ गते भित्रमा नियमित शुल्कमा र २०७८ साल माघ १६ गते भित्र विलम्ब शुल्कमा तपसिल अनुसारको प्रक्रिया पुऱ्याई परिषद् अन्तर्गतका प्रदेश कार्यालयहरुमा रजिष्ट्रेशन फाराम बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**शर्तहरु :**

१. परीक्षा नियन्त्रण कार्यालयवाट शैक्षिक सत्र २०७८/७९ का लागि विभिन्न मितिमा लिइएको डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रवेश तथा पुनः प्रवेशबाट भर्ना अनुमति पाएका डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०७४ (चौथो संशोधन) वमोजिम भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ।

२. परिषद्वाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ।

३. परिषद्वाट निजी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २,५००।- र संस्थागत विकास शुल्क प्रति विद्यार्थी रु. २,०००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ।

४. परिषद्का आंगिक, साझेदारी, सरकारी/सामुदायिक विद्यालय अन्तरगत संचालित शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको हकमा रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ।

**५. जेहेन्दार र वर्गीकृत छात्रवृत्ति अन्तर्गत छनौट भई भर्ना भएका अध्ययनरत विद्यार्थीहरुको रजिष्ट्रेशन र संस्थागत विकास शुल्क लाग्ने छैन।**

६. शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम www.ctevtexam.org.np बाट download गरी both side print गरी विद्यार्थीहरुलाई वितरण गर्नुपर्नेछ र विद्यार्थीहरुले देहाय बमोजिमको कागजातहरु अनिवार्य रुपमा रजिष्ट्रेशन फाराम साथ संलग्न गर्नु पर्नेछ।

क. सक्कल भर्ना अनुमति प्रवेश पत्र संलग्न गर्नुपर्नेछ।

ख. TSLC/SLC/SEE को शैक्षिक योग्यताहरुको लब्धांक, मूल र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपी।

ग. नागरिकता/जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी।

घ. नेपाल बाहेक अन्य देशबाट एस.एल.सी./एस.ई.ई वा सो सरहको परीक्षा उतीर्ण गर्ने विद्यार्थीहरुले ***शैक्षिक प्रमाण पत्र, समकक्षता प्रमाणपत्रको प्रतिलिपी र माईग्रेशन प्रमाणपत्रको सक्कल प्रति*** पेश गर्नुपर्नेछ। राहदानी तथा प्रवेशाज्ञा आवश्यक पर्ने विदेशी मुलुकका विद्यार्थीको हकमा राहदानी तथा प्रवेशाज्ञा एवं अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

ङ. कुनै एक शिक्षण संस्थाबाट भर्ना अनुमति पाएका र अर्को शिक्षण संस्थाको कुनैपनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा सक्कल भर्ना अनुमति प्रवेशपत्र तथा भर्ना अनुमति पाएको नतिजाको फोटो कपी र सम्बन्धित शिक्षण संस्थाको सहमती पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नु पर्नेछ।

च. कुनै सरकारी वा गैह्र सरकारी निकाय तथा संघ, संस्थामा कार्यरत रही भर्ना अनुमति पाएका विद्यार्थीहरुको हकमा आफुले काम गर्ने कार्यालयको विभागीय स्वीकृत पत्र पेश गर्नु पर्नेछ।

७. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम तथा रजिष्ट्रेशन शुल्क बुझाउने मितिः -

- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम बुझाउने मिति : २०७८।०९।१८ देखि २०७८।१०।०९ गतेसम्म
- शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने नियमित शुल्कको मिति : २०७८।०९।२२ देखि २०७८।१०।०९ गतेसम्म
- शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति : २०७८।१०।१० गते
- प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम विलम्ब शुल्कमा बुझाउने मिति : २०७८।१०।१० देखि २०७८।१०।१६ गतेसम्म
- शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला गर्ने विलम्ब शुल्कको अन्तिम मिति : २०७८।१०।१७ गते
- शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने विलम्ब शुल्कको मिति : २०७८।१०।११ देखि २०७८।१०।१७ गतेसम्म

८. विद्यार्थीहरुको रजिष्ट्रेशन फारामहरु शिक्षण संस्थाले CTEVT को Web Based Online Integrated Training Management System(ITMS) मा Submit गर्नु पर्नेछ र ITMS Online मा कार्यक्रम अनुसार Submit भएका रजिष्ट्रेशन समष्टिगत प्रिन्ट गरी प्रमाणित कपी अनुसार रजिष्ट्रेशन फाराम मिलाई Plastic Coated Index File मा फाईल गरी कार्यक्रम अनुसार फाईल पेश गर्नु पर्नेछ।

क. प्रवेश तथा पुनः प्रवेश भर्ना अनुमति पाएका विद्यार्थीहरुको प्रदेश कार्यालयबाट कार्यक्रम अनुसार प्रमाणित गरिएको सक्कल नतिजामा बिद्यार्थीहरुको नाम र सिम्बल नम्बरमा **हाइलाइट** गरी पेश गर्नुपर्नेछ।

ख. Alternative तथा Cut Off List बाट रिक्त सिट खुलाई भर्ना गरेको खण्डमा राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरेको सूचना तथा कार्यालयमा विद्यार्थीहरुले निवेदन दर्ता गरेको दर्ता किताब, माइन्यूटको प्रतिलिपी तथा नतिजामा बिद्यार्थीहरुको नाम र सिम्बल नम्बरमा **हाइलाइट** गरी पेश गर्नुपर्नेछ।

ग. शिक्षण संस्थामा संचालित सबै कार्यक्रमहरुमा प्रदेश कार्यालयबाट जारी गरिएको सक्कल बिल कुनै एक कार्यक्रममा राखी अन्य कार्यक्रमको फाइलमा बिलको प्रतिलिपी र विस्तृत विवरण उल्लेख गरेका पत्रहरु रजिष्ट्रेशन फाइलमा पेश गर्नु पर्नेछ।

९. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको देहायको वैक खातामा रकम जम्मा गर्नुपर्नेछ : -

(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च. हि. नं. २५५०१००००१२७८००१,

(ख) प्रा. शि. व्या. ता. परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च. हि. नं. १५२०१००००२६३९००१,

(ग) प्रा. शि. व्या. ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा. बा. बैङ्क, हेटौंडा शाखा, च. हि. नं. १३००१००००३६६९००१,

(घ) प्रा. शि. व्या. ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा. बा. बैङ्क, पार्दी, पोखरा शाखा, च. हि. नं. ३५००१००००२३४००१,

(ङ) प्रा. शि. व्या. ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च. हि. नं. ३३६०१००००३६१००१,

(च) प्रा. शि. व्या. ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा. बा. बैङ्क, सुर्खेत शाखा, च. हि. नं. ४०८०१०००१५५२८००१,

(छ) प्रा. शि. व्या. ता. परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा. बा. बैङ्क, धनगढी शाखा, च. हि. नं. ४१७०१००००६५०८००१

- शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फारामहरु इण्डेक्स फाइलमा राखी शिक्षण संस्थाको नाम, कार्यक्रम, इमेल र सम्बन्धित सम्पर्क व्यक्तिको मोवाइल नं, इमेल ठेगाना अनिवार्य रुपमा राखी सम्बन्धित परिषद्को प्रदेश कार्यालयमा मिति २०७८।१०।२१ गते कार्यालय समय भित्र अनिवार्य रुपमा बुझाउनुपर्नेछ।

१०. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np वा परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित प्रदेश कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

**परीक्षा नियन्त्रक**